## नेपाल

**२०६१ माघ १९ गतेको 'कू'सँगै राजा ज्ञानेन्द्रले नेपालको १५ वर्षको प्रेस स्वतन्त्रतालाई बलपूर्वक निमिटचान्न पार्न कोशिश गरे। तर गम्भीर पूर्व प्रतिबन्ध र हैरानी भोगेको स्वतन्त्र सञ्चार जगत यसविरुद्ध प्रतिकारमा उठ्यो। अर्कातर्फ माओवादीले पनि उनीहरूका गलत कुराको विरोध गर्ने पत्रकारहरूमाथि दवाव दिने नीतिलाई जारी नै राखे।**

२०६१ माघ १९ गते निरंकुश राजतन्त्रतिर फर्किने प्रयासस्वरुप राजाले सञ्चारजगतविरुद्ध युद्धकै घोषणा गरे। सेनाले पत्रपत्रिकाका कार्यालयहरूमा समाचारमाथि पूर्व प्रतिबन्ध थोपर्न धावा बोल्यो भने एफएम रेडियोहरूबाट कुनै पनि किसिमका समाचार प्रसारण गर्नमा बन्देज लगाइयो। सरकारले सञ्चारका सबै साधन पनि काटिदियो। बैशाखको मध्यतिर संकटकालीन अवस्था हटाइएपछि पनि स्थितिमा वास्तवमा सुधार आएन। सन् २००५ मा विश्वभरिमा भएका सेन्सरसिपका घटनाहरूमध्ये आधाभन्दा बढी घटनाका लागि नेपाल एक्लै जिम्मेवार रह्यो। रिपोर्टर्स विदाउट बोर्डर्सले पूर्व प्रतिबन्धका ५ सय ६७ वटा घटनाको गणना गरेको छ, जबकि एक सय ४५ जना पत्रकारमाथि भौतिक आक्रमण वा दुर्व्यवहार गरिएको थियो।

पूर्व प्रतिवन्ध र समूहगत बर्खास्तगीको सामना गरेको सञ्चार समुदायले सुरक्षाफौजको हस्तक्षेपका बाबजुद पनि हरेक दिन जसो विरोध प्रदर्शन गरेर महान साहस प्रदर्शन गऱ्यो। २०६२ साल भदौ ३१ गते भएको प्रदर्शनबाट मात्रै ८७ जना पत्रकारलाई प्रहरीले पक्राउ गऱ्यो, जसमध्ये कैयौँलाई कुटपिट गऱ्यो। २०६२ कार्तिक महिनाको मध्यतिर स्वतन्त्र रेडियो *कान्तिपुर एफएम*को कार्यालयमा प्रहरीले लुटपाट गरेपछि आम हड्तालको आव्हान गरिएको थियो।

सरकारले निजी क्षेत्रबाट सञ्चालित सञ्चारमाध्यमलाई झुकाउनका लागि सम्भावित सबै किसिमका उपाय अपनायो। यसका लागि उसले सम्पादकीय स्वतन्त्रतामाथि हस्तक्षेप ( करीब १५ जना पत्रकारलाई दवावका कारण बर्खास्त गरिएको थियो), सरकारी विज्ञापनको अनुचित वितरण, पत्रपत्रिकाको हुलाक महसूलमा बृद्धि, पत्रपत्रिका वितरणमा अवरोध, टेलिभिजन र रेडियोको इजाजत पत्र नवीकरण नगर्ने धम्की दिनेजस्ता माध्यमको प्रयोग गरियो।

सञ्चारजगत आफ्नो अधिकारको प्रतिरक्षाका लागि अदालतसमक्ष गयो। पक्राउ गरिएका पत्रकारहरूलाई रिहा गर्न आदेश दिएर र रेडियो स्टेसनहरूको समाचार प्रसारण गर्ने अधिकारको प्रतिरक्षा गरेर सर्वोच्च अदालत प्रेस स्वतन्त्रताका पक्षमा उभियो। अर्कोतर्फ, त्यही अदालतले पत्रकारिता कर्म र सञ्चार स्वामित्वमाथि कडा नियन्त्रण गर्ने गरी असोज महिनामा जारी गरिएको नयाँ सञ्चार कानून लागू गर्न अनुमति दियो। मानहानीसम्बन्धी

मुद्दामा लगाइने जरिवानालाई १० गुणाले बढाइएको थियो ।

देशको झण्डै आधा हिस्सा ढाकेका माओवादीको प्रभाव क्षेत्रमा कार्यरत पत्रकारहरूले सर्वाधिक समस्या भोग्नुपऱ्यो। नेपालगञ्जनजिकै रहेको सरकारी टेलिभिजनको कार्यालयमा क्षति पुऱ्याउने जस्ता काम गरेर विद्रोहीहरूले सञ्चारका पूर्वाधारहरू ध्वस्त पार्ने कामलाई निरन्तरता दिए । माओवादी वा सुरक्षाफौजको बदलापूर्ण धम्कीका कारण एक दर्जनभन्दा बढी पत्रकार शहरहरूमा शरण लिन बाध्य भए ।